मर्यादाका लागि
सत्य तथ्य, न्याय र परिपूरण

# संक्षिप्त प्रतिवेदन
## २०७४, मंसीर ११

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
पुल्चोक, ललितपुर

# विषय- सूची


विषय ............................................................................ पृष्ठ संख्या

१.१. पृष्ठभूमी ............................................................................ १

१.२ आयोगलाई प्राप्त कार्यादेश ............................................................ १

१.३ आयोगको कार्याविधि .................................................................. २

१.४ आयोगबाट उजुरीको संकलन ........................................................ २

१.५ उजुरीउपर छानविनको प्रक्रिया .................................................... ३

२.१ आयोगबाट भएका नीतिगत तथा व्यवस्थापकिय कार्यहरु ........................ ४

२.२ प्राप्त उजुरीउपर छानविन ............................................................ ६

३.१ आयोगले हाल गर्दैरहेका कार्यहरु ................................................... ७

३.२ आयोगले आगामी दिनमा गर्नुपर्ने कार्यहरु ........................................ ७

४.१ उपलब्धीहरु ............................................................................ ९

४.२ समस्या तथा चुनौतीहरु .............................................................. ९

४.३ निष्कर्ष र सुझाव ...................................................................... १२

अनुसूची -१ व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक ........... १४

अनुसूची -२ बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्ने संशोधन सम्बन्धमा............................................................................ २०

# परिच्छेद-१

# प्रारम्भिक

## १.१. पृष्ठभूमी

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घट्नामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी बास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्पारिक सदभाव तथा सहिष्णुताको भाावना अभिबृद्धि गर्दे दिगो शान्ति र मेलमिलापको वातावरण सिर्जना गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने[१] उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारी भयो। यो ऐनले गठन गर्ने दुईवटा आयोगमध्ये एउटा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग हो। यही ऐनका आधारमा नेपाल सरकारको मिति २०७१।१०।२७ को निर्णयानुसार अध्यक्षसहित पाँच जना सदस्यको नियुक्ति भई बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भयो[२]। तत्पश्चात आयोगले आफ्नो कार्य प्रारम्भ गरेको हो।

## १.२ आयोगलाई प्राप्त कार्यादेश

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ बमोजिम यस आयोगलाई  निम्न बमोजिम काम, कर्तव्य र अधिकार तोकिएको छ :

- मानव अधिकारको गम्भीर उल्लङ्घन[३] सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित तथा पीडकको यकीन गर्ने,
- पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिश गर्ने,
- पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने।
- कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय गर्ने,

आयोगलाई सुम्पिएको माथि उल्लिखित जिम्मेवारीका अलावा आयोगले नेपाल सरकार समक्ष पेश गर्ने प्रतिबेदनमा देहायका कुराहरु समेत समावेश गर्नु पर्ने व्यबस्था ऐनको दफा २७ मा रहेको छः

---

[१] प्रस्तावना, बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

[२] (नेपाल राजपत्र खण्ड ६४) काठमाडौं, माघ २७ गते, २०७१ साल, (अतिरिक्ताङ्क २९ ख)

[३] ऐ.ऐनको दफा २(ज) मा मानव अधिकारको गम्भीर उल्लङ्घन अन्तर्गत अन्य कार्यका अतिरिक्त सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा गरिएको व्यक्ति बेपत्ता पार्ने कार्य समेत जनाउने कुरा समावेश भएको छ।

- आयोगबाट छानविन गरिएका र तामेलीमा राखिएका उजूरी सम्बन्धी विवरण,
- छानविनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,
- परिपूरणको लागि सिफारिश गरेको विषय,
- पीडक उपर मुद्दा चलाउन सिफारिस गरेको विषय,
- सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनको लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यावहारिक सुधारका विषय,
- प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय,
- मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरु,
- आयोगले उपयुक्त सम्झेका अन्य कुराहरु ।

उपरोक्त बिषयका अतिरिक्त आयोगलाई देहायबमोजिमको अधिकार र कर्तब्य समेत ऐनले प्रदान गरेको छः

मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडकउपर मुद्दा चलाउन आयोगबाट महान्यायाधिवक्तासमक्ष लेखिपठाउनु पर्ने ।

## १.३ आयोगको कार्यावधि

बेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ (१) मा उल्लेख भएअनुसार आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई बर्षको हुनेछ भन्ने उल्लेख छ । सो अनुसार आयोग गठन भएको मिति २०७१।१०।२७ बाट दुई बर्ष २०७३।१०।२६ सम्म आयोगको कार्यावधि रहेको र सोही ऐनको दफा ३८(२) बमोजिम उपरोक्त अवधिभित्रमा आयोगले आफ्नो काम सम्पन्न गर्न नसकेको कारणसमेत खुलाई म्याद थप माग गरेमा नेपाल सरकारले आयोगको कार्यावधि एक बर्षसम्मको लागि थप गर्न सक्नेछ भन्ने प्रावधान अनुसार आयोगको अनुरोधमा नेपाल सरकारबाट एक बर्षको अवधि थप भई आयोगको कार्यावधि यही २०७४ साल माघ २६ सम्म रहेको छ ।

## १.४ आयोगबाट उजुरीको संकलन

ऐन जारी भएपछि २०७१।१०।२७ मा बेपत्ता पारिएका ब्यक्तिको छानविन गर्न पाँच सदस्यीय छानविन आयोग गठन भएको भएपनि २०७२।११।३० मा बेपत्ता पारिएका ब्यक्तिको छानविन आयोग नियमावली, २०७२ जारी भई लागू भएपश्चात मात्र आयोगले उजुरी संकलनको काम शुरु गर्न सक्यो । आयोगले मिति २०७२।१२।२२ को निर्णय अनुसार राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०५२।११।१ गतेदेखि २०६३।८।५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा भएको ब्यक्ति बेपत्ता पार्ने कार्यउपरको उजुरी आयोगमा वा स्थानीय शान्ति समितिको सचिवालयमा मिति २०७३ साल बैशाख २ गतेबाट ऐ.जेष्ठ मसान्तसम्म उजुरी गर्न सार्वजनिक सूचना आब्हान गर्‍यो । उजूरी दर्ता गर्न तोकिएको समय पर्याप्त नभएकोले उजूरी दर्ता प्रक्रिया खुल्ला राख्न अनुरोध भई आएकोले आयोगको मिति २०७३।४।२ को निर्णयानुसार पुनः ऐ. श्रावण २६ गतेसम्म उजूरी आव्हान भएको थियो । पछि नेपाल

सरकारबाट आयोगको म्याद एकबर्ष थप भएपश्चात आयोगको मिति २०७३।११।१५ को निर्णयानुसार २०७३।१२।१५ सम्मको समय सीमा तोकी पुनः उजुरी दिन सकिने सार्वजनिक सूचना आयोगले जारी गरेको थियो । उपरोक्त तीन पटक जारी गरिएको सार्वजनिक सूचनाको अवधिसम्म तथा आयोगलाई प्राप्त जानकारीसमेतका आधारमा आयोगमा जम्मा ३०९३ संख्याको उजुरी संकलन भएको छ ।

## १.५ उजुरीउपर छानविनको प्रक्रिया

आयोगमा प्राप्त भएको उजुरीमा तीन चरणमा छानविन गर्ने गरी नियम र निर्देशिकाले तय गरेबमोजिम प्रारम्भिक कारवाही, प्रारम्भिक छानविन र बिस्तृत छानविन अनुसन्धान गरी तीन चरणमा छानविनलाई अगाडि बढाएको छ । गत आर्थिक बर्षसम्म उजुरी संकलन गर्ने समय नै रहेकोले संकलित उजुरीको प्रारम्भिक कारवाही तथा प्रारम्भिक छानविन आयोगले सम्पन्न गरिसकेको छ । गत आर्थिक बर्षमा प्रारम्भिक छानविन सम्पन्न भएका १०६ थान उजुरीहरुमा विस्तृत छानविन गर्ने निर्णय आयोगले गरेको थियो भने यस आर्थिक बर्षमा २१५२ उजूरीहरु बिस्तृत छानविनमा लैजाने निर्णय भई कूल २२५८ उजूरीहरु बिस्तृत छानविनको क्रममा रहेका छन् । प्रारम्भिक छानविन सम्पन्न भएका ३६ थान उजूरीहरुमा निर्णय हुन बाँकी छ । यस क्रममा आयोगको क्षेत्राधिकारभित्र नपरेका लगायतका कतिपय उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाइएको छ भने कतिपय उजुरीहरु तामेलीमा रहेका छन् ।

# परिच्छेद–२

# आयोगले गरेको हालसम्मको काम कारवाही र उजुरीउपरको छानविनको अवस्था

## २.१ आयोगबाट भएका नीतिगत तथा व्यवस्थापकीय कार्यहरु

आयोगको स्थापना भएपछि आयोगलाई तोकिएको जिम्मेवारी प्रभावकारीरुपमा सम्पादन गर्ने क्रममा ऐनका आधारमा कार्यविधि, दिग्दर्शन, निर्देशिका, मापदण्डहरु एकातिर आवश्यक पर्दथ्यो भने अर्कोतिर जनशक्ति, भौतिक ब्यवस्थापन त्यत्तिकै जरुरी थियो । सो सन्दर्भमा ऐनले सुम्पेको जिम्मेवारी पूरा गर्ने सन्दर्भमा आयोगले विभिन्न काम कारवाहीहरु सम्पन्न गरेको छ । तीमध्ये प्रमुख सम्पादित नीतिगत तथा व्यवस्थापकीय कार्यहरु देहाय अनुसार रहेका छन् :

- आयोगको बैठक सम्बन्धी कार्यविधि तर्जुमा,
- आयोगका पदाधिकारीहरुको आचारसंहिता तर्जुमा,
- आयोगका लागि आवश्यक जनशक्तिका सम्बन्धमा संगठन तथा व्यबस्थापन सर्वेक्षण गरी नेपाल सरकारमा पठाइएकोमा नेपाल सरकारबाट आयोगका लागि ७० जनाको दरबन्दी स्वीकृत,
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा तर्जुमा,
- विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ को तर्जुमा,
- बेपत्ता पारिएका व्यक्तिको छानविन निर्देशिका, २०७३ को तर्जुमा,
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नुपर्ने संशोधनको मस्यौदा तयार गरी नेपाल सरकारमा पठाइएको,
- व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा तर्जुमा गरी नेपाल सरकारमा पठाइएको,
- आयोगको संचार नीतिको तर्जूमा,
- शव उत्खनन कार्यविधि र एण्टीमोर्टम डाटा संकलन फारम (AMDC Form) तयार,
- प्रचार सामग्रीको निर्माण,
- विभिन्न जिल्लामा पीडितहरुसँग अन्तरक्रिया,
- सर्वोच्च अदालतबाट भएका फैसला लगायत अन्य सान्दर्भिक दस्तावेजको अध्ययन,
- आयोगको कामलाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा सत्य निरुपण मेलमिलाप आयोगका पदाधिकारीहरु समेतसँग संयुक्त बैठक बसेको, शान्ति तथा पुनर्निर्माण मन्त्री लगायत विशिष्ठ व्यक्तिहरुसँग छलफल एवं भेटघाट भएको तथा पीडित लगायत सरोकारवालाहरुसँगको निरन्तर संवाद तथा छलफल गर्ने गरेको,
- बेपत्ता पारिएका व्यीक्तको अर्न्तराष्ट्रिय दिवसमा आयोगका तर्फबाट कार्यक्रम आयोजना गरिएको,
- आयोगमा कार्यरत कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रम संचालन,
- उजूरी संकलन गर्ने कार्यमा संलग्न कर्मचारीलाई तालीम प्रदान,

- प्राप्त उजुरीका आधारमा बेपत्ता पारिएका भनिएका व्यक्तिहरुको विवरण आयोगको वेवसाइट मार्फत सार्वजनिक गरिएको,
- दुवै आयोगको संयुक्त बैठकको निर्णयानुसार गठित समितिद्वारा स्थानिय शान्ति समितिका कर्मचारी परिचालन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को मस्यौदा तर्जुमा,
- सार्वजनिक सुनुवाई संचालन कार्यविधि, २०७४ को मस्यौदा तर्जुमा,
- बिस्तृत छानविन प्रकृया तथा अनुसन्धानको रणनीतिको मस्यौदा तर्जुमा,
- विज्ञ विशेषज्ञको सेवा करारमा लिने तथा सहायक तहका जनशक्ति सेवा करारमा लिई काममा लगाउने कार्य ।

हाल आयोगमा देहायबमोजिमको जनशक्तिको अस्थायी स्वीकृत दरबन्दी भई हाल कार्यरत संख्या देहाय बमोजिम रहेको छः

| क्र.सं. | पद नाम | श्रेणी | सेवा | समूह | स्वीकृत दरबन्दी | हाल कार्यरत कर्मचारी | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.विशिष्ट | नेपाल न्याय | | १ | १ | ० |
| २ | सहसचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० | १ |
| ३ | सहसचिव | रा.प.प्रथम | नेपाल न्याय | सरकारी वकील | १ | १ | ० |
| ४ | उपसचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | ० | २ |
| ५ | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | कानून | १ | ० | १ |
| ६ | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | सरकारी वकील | ४ | ४ | ० |
| ७ | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ | ४ | २ |
| ८ | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | न्याय | १ | १ | ० |
| ९ | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | कानून | २ | ० | २ |
| १० | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | सरकारी वकील | ३ | ३ | ० |
| ११ | लेखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | ० |
| १२ | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | लेखा | २ | २ | ० |
| १३ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ | ३ | १ |
| १४ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल न्याय | सरकारी वकील | ३ | १ | २ |
| १५ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल न्याय | न्याय | २ | २ | ० |
| १६ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल न्याय | कानून | १ | ० | १ |
| १७ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | | ५ | ४ | १ |
| १८ | तामेलदार | रा.प.अनं.द्वितीय | नेपाल न्याय | न्याय | ५ | ० | ५ |
| १९ | हलुका सवारी चालक | | | | ११ | ११ | ० |
| २० | कार्यालय सहयोगी (स्वीपर र माली समेत) | | | | १४ | ८ | ६ |
| जम्मा | | | | | ७० | ४६ | २४ |

यसका अतिरिक्त अनुसन्धान बिज्ञ एक जना र मनोसामाजिक परामर्श विज्ञ एकजनासँग सेवा करार गरी अनुसन्धान कार्यमा लगाइएको छ भने सहायक तहका रिक्त पदमा सेवा करार गरी काममा लगाउने तय भएको छ ।

## २.२ प्राप्त उजूरीउपर छानविन

- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ र बेपत्ता पारिएका व्यक्तिको छानविन निर्देशिका, २०७३ अनुसार व्यक्ति बेपत्ता पारिएको घट्नाको छानविन सम्बन्धी कार्य प्रारम्भिक कारवाही, प्रारम्भिक छानविन र विस्तृत छानविन गरी तीन चरणमा सम्पन्न गर्नु पर्ने हुन्छ ।
- प्रारम्भिक कारवाही अन्तर्गत आयोगमा प्राप्त उजूरीहरु यस आयोगको क्षेत्राधिकारभित्र पर्ने/नपर्ने, घटना सशस्त्र द्वन्द्वकालमा/द्वन्द्वरत पक्षहरुबाट भएको हो होइन भन्ने कुराहरु हेरिन्छ । त्यसरी हेर्दा यस आयोगको क्षेत्राधिकारभित्र पर्ने र द्वन्द्वकालीन घट्ना भएमा प्रारम्भिक छानविन गर्ने व्यबस्था रहेको छ ।
- प्रारम्भिक छानविनमा व्यक्ति बेपत्ता पारिएका घट्नासँग सम्बन्धित प्रमाण कागजातहरु संकलन गरिन्छ ती संकलन गरिएका प्रमाण कागज एवं विवरणहरुबाट व्यक्ति बेपत्ता पारिएको घटना घटेको अवस्था देखिन आएमा विस्तृत छानविन गर्ने व्यबस्था रहेको छ ।
- बिस्तृत छानविनमा घटना घटेको स्थानमै गई पीडित परिवार, घटनाका साक्षीहरु, आयोगलाई जानकारी दिन चाहने सरोकारवाला व्यक्तिहरुसँग सोधपूछ गरी प्रमाण संकलन गर्ने, स्थानीय तवरमा फेला पार्न सकिने प्रमाणयोग्य बस्तु प्राप्त भए बरामद गरी परीक्षण गराउनुपर्ने भए गराउने, बेपत्ता पारिएका व्यक्तिको बेपत्ता हुनु अघिको विवरण अर्थात एण्टीमोर्टम फारम भराउने, पीडितबाट परिपूरण फारम भराउने, आवश्यकतानुसार शव उत्खन्न् गर्ने, उत्खनन गरीएको शवको डि.एन.ए. परीक्षण गराउने लगायतका अनुसन्धानात्मक कार्यहरु गर्नुपर्ने हुन्छ ।
- आयोगमा प्राप्त ३०९३ उजूरीहरुमा पहिलो चरणको प्रारम्भिक कारवाहीको अनुसन्धान कार्य सकिएको, दोश्रो चरणको प्रारम्भिक छानविनको अनुसन्धान सम्पन्न भई निर्णयका लागि आयोगमा पेश भएको, प्रारम्भिक छानविन गरी पेश भएका उजूरीहरुमा आयोगको निर्णयानुसार २७१ थान उजूरी तामेली, ४१५ थान उजूरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाउने, ११३ थान उजूरी दोहोरो परेको देखिएकोले गाभीएको, २२५८ थान उजूरीमा विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ ।
- विस्तृत अनुसन्धान गर्ने निर्णय भएका उजूरीहरुमध्ये १५९ थान उजूरीहरुमा आयोगका सदस्यलाई अनुसन्धान अधिकृत तोकी तथा कार्यटोली गठन गरी विस्तृत अनुसन्धान भईरहेको छ ।

| विवरण | संख्या | विवरण | संख्या |
|---|---|---|---|
| जम्मा उजूरी संख्या | ३०९३ | विस्तृत छानविनमा रहेको | २२५८ |
| दोहोरो उजूरी परी गाभीएका तथा तामेलीमा गएका उजूरी | ३८४ | विस्तृत छानविन गर्ने/नगर्ने निर्णय हुन बाँकी | ३६ |
| सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाएको उजूरी संख्या | ४१५ | उजूरीका आधाारमा बेपत्ता व्यक्ति | २३०२ |

# परिच्छेद–३

## आयोगले हाल गर्दै रहेको र आगामी दिनमा गर्नुपर्ने कार्यहरु

### ३.१ आयोगले हाल गर्दैरहेका कार्यहरु

माथि परिच्छेद-२ मा उल्लेख गरिएबमोजिम आयोगमा प्राप्त ३०९३ उजूरीहरुमा पहिलो चरणको प्रारम्भिक कारवाहीको अनुसन्धान कार्य सम्पन्न भई २७१ थान उजुरी तामेली, ४१५ थान उजूरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाउने, ११३ थान उजुरी दोहोरो परेको देखिएकोले गाभीएको, २२५८ थान उजूरीमा विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ । विस्तृत छानविन गर्ने भनी निर्णय भएका उजूरीहरुमध्ये १५९ थान उजूरीहरुमा बिस्तृत छानविनको कार्य शुरु भई सकेको छ। यस अन्तर्गत उजुरकर्तासंग थप कुरा बुझ्ने, एण्टिमोर्टम डाटा संकलन फाराम तथा परिपूरण फाराम भराउने, कागज प्रमाण झिकाउने र साक्षी बुझ्ने जस्ता कामहरु भइरहेका छन्। उजुरीमा पीडक भनी उल्लेख भएकाको हकमा झिकाई बयान गराउने काम हाल शुरु भइसकेको छैन । यसका लागि सम्बन्धित सरोकारवालाहरुसँग सहयोगको अपेक्षासहित अन्तरक्रिया भएको छ ।

विस्तृत अनुसन्धान नै छानविन तथा अनुसन्धानको मूल र महत्वपूर्ण पाटो भएकोले यसको प्रभावकारिता अभिबृद्धिको लागि आवश्यक पर्ने केही अनुसन्धान बिज्ञ, मनोसामाजिक बिज्ञको सेवा लिने काम भएको छ भने आवश्यकतानुसार लिइदै जानु पर्ने अवस्था छ। अनुसन्धानको क्रममा गरिने बयान, बकपत्रजस्ता कार्य गर्न अनुभव प्राप्त ब्यक्तिहरुलाई सहायक तहको जनशक्तिको रुपमा सेवा करारमा लिई काम लगाउने गरी प्रक्रियामा लगिएको छ।

उजुरकर्ता वा पीडित तथा साक्षीको गोपनीयतासमेतको संरक्षणको लागि कानुनले निर्धारण गरेबमोजिमको पद्दति र प्रक्रियाको अवलम्बन गरिएको छ । यसको लागि जनशक्तिलाई बिगतमा र वर्तमानमा समेत प्रशिक्षित गर्ने काम भइरहेको छ ।

सुरक्षाको दृष्टिकोणले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै ब्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा आयोगले श्रब्यदृष्य सम्बाद (भिडियो कन्फरेन्स) वा अन्य माध्यमबाट त्यस्तो साक्षी वा ब्यक्तिको बकपत्र वा बयान गराउन सक्नेछ भन्ने कानुनको प्रावधान बमोजिम आवश्यक भौतिक सामग्रीहरु खरीदको अन्तिम चरणमा पुगेको छ।

आयोगका काम कारवाहीसंग सम्बन्धित सरोकारवाला निकाय, पदाधिकारी तथा ब्यक्तिहरु र पीडितहरुसंगको निरन्तरको अन्तरक्रिया र सम्बाद चलिरहेको छ। आयोग आफ्नो कार्ययोजना अनुसार काम गर्ने प्रयत्न गर्दैछ।

### ३.२ आयोगले आगामी दिनमा गर्नुपर्ने कार्यहरु

आयोग अव बेपत्ता पारिएका ब्यक्तिको छानविनको क्रममा बिस्तृत अनुसन्धानको चरणमा पुगेको हुनाले यो चरणमा गर्नुपर्ने कार्यहरुको पहिचान गरी आफ्नो कामलाई अगाडि बढाउनु पर्ने हुन्छ । यसको लागि आयोगले आवश्यक रणनीतिहरु तय गरेको छ । खासगरी आयोगले आगामी दिनमा देहायका कामहरु सम्पन्न गर्नुपर्ने अवस्था छ :-

- व्यक्ति बेपत्ता पारिएको घटना घटेको स्थानमै गई पीडितको सहभागितामा पीडित-मैत्री व्यबहारको माध्यमबाट पीडित परिवार, घटनाका साक्षीहरु, आयोगलाई जानकारी दिन चाहने सरोकारवाला व्यक्तिहरुसँग सोधपूछ गरी प्रमाण संकलन गर्ने,
- उजूरीमा साक्षी उल्लेख नगरेको भए घटनाका साक्षी पहिचान गरी बुझ्ने,
- स्थानीय तवरमा फेला पार्न सकिने प्रमाणयोग्य बस्तु प्राप्त भए बरामद गरी परीक्षण गराउनुपर्ने भए परीक्षण गराउने,
- बेपत्ता पारिएका व्यक्तिको बेपत्ता हुनु अघिको विवरण अर्थात एण्टीमोर्टम फाराम भर्ने,
- पीडितको तर्फबाट परिपूरण फाराम भर्ने,
- पीडितको शरीर गाडीएको ठाउँ वा चिहानको पहिचान गरी उत्खनन तथा उत्खनन गरीएको शवको डि.एन.ए.परीक्षण गराउने,
- छानविनमा बैज्ञानिक साधन एवं विज्ञको प्रयोग,
- छानविनबाट खुल्न आएका पीडकहरुसँग वयान गराउने,
- सार्वजनिक सुनुवाई गर्ने,
- अनुसन्धानबाट प्राप्त तथ्यको बिश्लेषण गरी बिस्तृत छानविन प्रतिवेदन तयार गर्ने,
- पीडकहरुलाई मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउने,
- पीडितहरुलाई परिचय पत्र वितरण गर्ने,
- पीडितहरुको आवश्यकता र कानूनले तोकेको सीमाभित्र रही पीडितलाई प्रदान गर्ने परिपूरणको सिफारिश गर्ने,
- सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घट्ना दोहोरिन नदिनको लागि गरिनु पर्ने आवश्यक, नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यावहारिक सुधारका विषय, प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय रमानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरुका विषयमा अध्ययन अनुसन्धान गरी आवश्यक राय सिफारिस गर्ने र
- राय सुझाव सहितको अन्तिम प्रतिवेदन बुझाउने ।

# परिच्छेद–४

## आयोगले हासिल गरेका उपलब्धी, व्यहोर्नु परेका समस्या, चुनौती तथा सुझाव

### ४.१ उपलब्धीहरु

अ) विगतमा भएको सशस्त्र द्वन्द्व समाधान गरी विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान, २०६३ मर्म र भावना अनुरुप बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग स्वतन्त्र, निष्पक्ष र एक उच्चस्तरीय आयोगको रुपमा ऐन बमोजिम गठन भएको छ ।

आ) आयोगले उल्लेख्य संख्यामा अर्थात ३०९३ थान उजूरी प्राप्त गरेको छ । उजूरी दर्ता संख्या हेर्दा पीडितहरुले आयोगलाई विश्वास गरेको देखिन्छ ।

इ) प्राप्त उजूरीहरु उपर प्रारम्भिक कारवाही सम्पन्न भई प्रारम्भिक छानविन लगभग सम्पन्न भईसकेको छ । आयोगले हाल विस्तृत छानविनको कार्य गरिरहेको छ । यस अन्तर्गत उजुरकर्ताबाट थप सूचनाहरू लिने, सो सूचनाका आधारमा अन्य प्रमाणहरू बुझ्ने, साक्षी बुझ्ने, उजुरकर्ता, पीडितको सहमति लिई परिपूरण फाराम, एण्टीमोर्टम फाराम भराउने कामहरू भई पीडक भनिएका व्यक्तिको बयान गराउने क्रममा आयोग अगाडी बढ्दै छ ।

ई) आयोगलाई पीडित, विभिन्न सरोकारवालाहरू तथा सरकारसमेतबाट सहयोग र समन्वय प्राप्त भईरहेको अवस्था छ । सरोकारवालाहरुसंग निरन्तर अन्तरक्रिया भइरहेको छ ।

उ) आफ्नो काम कारवाहीमा निष्पक्षता, पारदर्शिताको लागि ऐन नियमका आधारमा निर्देशिका, कार्यबिधि, मापदण्ड, बिभिन्न फारामहरु तय गरी सो अनुसार आफ्नो काम कारवाहीलाई अगाडि बढाएको छ ।

ऊ) सशस्त्र द्वन्द्वको क्रममा भएका ब्यक्ति बेपत्ता पार्ने जस्तो मानव अधिकारको गम्भीर उल्लङ्घनका घट्नाको अनुसन्धान छानविन पीडित, पीडक यकिन गरी सत्य तथ्य उजागर गर्ने, परिपूरण सिफारिश गर्ने तथा अभियोजनको लागि लेखी पठाउने जस्ता कार्य गरी संक्रमणकालिन न्याय प्रबन्धलाई टुंगोमा पुऱ्याउने एक नवीनतम् र कठीन काम गर्न छुट्टै बिज्ञता, बिशेषज्ञताको जरुरी समेत हुने सन्दर्भमा देशभित्रका तथा देश बाहिरका बिज्ञ बिशेषज्ञहरुमार्फत जनशक्तिलाई प्रशिक्षित गर्ने काममा निरन्तरता दिने प्रयत्न भइरहेको छ ।

(ए) आयोगले आफ्नो कार्ययोजना बनाई ऐनले तोकेको काम कार्ययोजना अनुसार अगाडि बढाईरहेको छ।

### ४.२ समस्या तथा चुनौतीहरु

#### अ) कानूनी समस्या

आयोगलाई बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम पीडकउपर मुद्दा चलाउन सिफारिस गर्ने कार्यादेश समेत प्राप्त छ तर बिगतको सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने कानूनको अभाव रहेको कारण अनुसन्धानबाट दोषी देखिएकाउपर कुन कानुनको कुन प्रावधानका आधारमा अभियोजन गर्न

महान्यायाधिवक्तासमक्ष लेखी पठाउने भन्ने निश्चित भईसकेको छैन ।[४] व्यक्ति बेपत्ता पार्ने कार्यलाई अपराध घोषित गरी यस्तो अपराधमा हदम्याद नलाग्ने गरी कारवाही हुन र सजायको प्रबन्ध गर्न आयोगले ऐनको मस्यौदा समयमा नै तयार गरी २०७२।१०।१८ मा सम्बन्धित मन्त्रालयमा पठाएको पनि हो । तर व्यक्ति बेपत्ता पार्ने कसूरलाई अपराध कायम गरी सजाय गर्ने कार्य व्यवस्थापिका संसदमा पेश भएको अपराध संहितामा प्रस्ताव गरिएको र उक्त संहिता व्यवस्थापिका संसदको समितिमा छलफलको क्रममा रहेको हुनाले एउटै बिषयमा दुईवटा अलग बिधेयक तर्जुमा हुन नसक्ने भनी तत्बखत कानुन तथा न्याय मन्त्रालयबाट सहमति प्रदान भएन ।

भरखरै व्यवस्थापिका संसदबाट पारित भएको मुलुकी फौजदारी संहिता, २०७४ को फौजदारी कसूरहरु अन्तर्गत परिच्छेद–१६ मा व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसुरसमेत समावेस भएको छ । उक्त संहितामा व्यक्ति बेपत्ता पार्ने कसुर भएको थाहा पाएको वा बेपत्ता पारिएको व्यक्ति सार्वजनिक भएको वा गरिएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । तर उजुर गर्न सकिने परिस्थिति नभएको कारण खुलाई अदालतको अनुमति लिई प्रमाणसहित उजुर गरेमा जहिलेसुकै उजुर लाग्नेछ भन्ने हदम्यादसम्बन्धी प्रावधान रहेको छ । यो सामान्य र सामान्य अवस्थामा लागू हुने कानुन हो । स्पष्टरुपमा हदम्याद नलाग्ने प्रावधान यो कानुनले गर्न सकेको छैन साथै राज्य र तत्कालीन बिद्रोहीबीच भएको सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन–बलपूर्वक व्यक्ति बेपत्ता पार्ने-को कार्यलाई यो कानुनले समेट्न सक्ने अवस्था देखिंदैन । त्यसैले आयोगले छानविन गरी व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न पीडक भनी कागज प्रमाणबाट यकिन भएको अवस्थामा पनि कुन कानुनअनुसार कुन अदालतमा कति सजायको माग गरी मुद्दा चलाउन भनी महान्यायाधिवक्तासमक्ष लेखिपठाउने हो, कानुनको अभावमा हालसम्म अनिश्चय रहेको छ ।

त्यस्तैगरी हाल प्रचलित बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का कतिपय व्यवस्थाहरु परिमार्जन गर्न आवश्यक रहेको भनी संशोधन गर्नुपर्ने छ । अन्तरिम राहत वा परिपूरणको सिफारिस गर्ने अधिकार आयोगलाई कानुनले दिएको छैन । बेपत्ता पारिएका व्यक्तिको कानूनी हैसियत सम्बन्धी कानूनको अभावका कारण पीडितका परिवारहरुले थुप्रै समस्या र कानूनी जटिलता भेल्नु परेको अवस्था रहेको छ । यस सम्बन्धमा बेला बेलामा आयोगमा गुनासोहरु आउने गरेको तर आयोगले केही सम्वोधन गर्न नसक्ने अवस्था छ ।[५]

### आ) कर्मचारीको पूर्ति र आयोगमा कार्यरत जनशक्तिको उत्प्रेरणासंग सम्बन्धित समस्याहरु

आयोगका लागि नेपाल सरकारवाट विभिन्न सेवा समूहका गरी ७० जना कर्मचारीहरुको दरवन्दी स्वीकृत भएको छ । सो अनुरुप आयोगले विभिन्न सेवा समूहका कर्मचारी माग गरेको भएपनि हालसम्म आयोगको माग अनुसार कर्मचारी उपलब्ध हुन नसकेको र उपलब्ध गराउन नसकिने

[४] आयोगद्वारा मस्यौदा गरी नेपाल सरकारमा पठाइएको व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा अनुसूची १ मा संलग्न गरिएको छ ।

[५] आयोगद्वारा ऐनमा संशोधन हुन भनी तयार गरिएको मस्यौदा अनुसूची २ मा संलग्न गरीएको छ ।

स्पष्ट जानकारी पनि शान्ति मन्त्रालयबाट प्राप्त नभएको अवस्था छ । देश संघीय संरचनामा गए सँगै स्थानीय तहमा कर्मचारी खटाउनु पर्ने प्राथमिकतामा रहेको छ । यो बर्ष देशमा चुनावको बर्ष भएकोले निजामती कर्मचारीहरूलाई निर्वाचन आयोगले चुनावमा खटाईदिएको छ । आयोगले सोधपुछ गर्ने, कागज बकपत्र गर्ने सम्बन्धित जनसाधारण पनि चुनावी माहौलमा छन् । यसको असर आयोगको काम कारवाहीमा पर्नु स्वभाविक रहेको छ ।

आयोगको कार्य अत्यन्त जटिल रहेको कुरा माथिका प्रकरणहरुमा समेत उल्लेख गरिएकै छ। कार्यालय समय अलावा विहान बेलुका समेत कार्य गर्नु पर्ने, फिल्डमा समेत जानु पर्ने, कामको प्रकृतिले नै सुरक्षाका दृष्टिकोणले पनि संवेदनशील रहेकोले कर्मचारीहरु आयोगमा सरुवा हुन इच्छुक नभएको हालसम्मको अनुभव छ । उनीहरुलाई मौद्रिक तथा गैरमौद्रिक माध्यमबाट उत्प्रेरित गर्नु अति आवश्यक छ । यसै यथार्थलाई ध्यानमा राखी आयोगबाट कर्मचारीहरुका लागि शत प्रतिशत भत्ताको निर्णय भएकोमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त हुन सकेन । यसका अतिरिक्त आयोगमा कार्यरत कर्मचारीहरुका लागि स्वदेशी तथा बैदेशिक तालीम भ्रमणका लागि पर्याप्त अवसर प्राप्त भएका छैनन् । यी सबै कारणले गर्दा आयोगमा कर्मचारी आकर्षित नहुने र कार्यरत कर्मचारीलाई पनि निरन्तररुपमा कायम गर्न कठिनाई परेको अवस्था छ ।

### इ) जनशक्तिको क्षमता विकाससंग सम्बन्धित समस्याहरु

नेपालमा यस किसिमको आयोगको काम नौलो प्रकृतिको कार्य हो । यसका लागि अनुभवी एवं दक्ष जनशक्तिको अभाव रहेको छ । त्यसैले आयोगमा काम गर्ने कर्मचारीका लागि क्षमता विकास अनिवार्य छ । यसका लागि आवश्यकताअनुसार स्वदेशी र वैदेशिक तालिम पनि आवश्यक पर्दछ । तर नेपाल सरकारवाट त्यसका लागि आवश्यक रकम विनियोजन हुन सकेको छैन । यसले गर्दा जनशक्तिको क्षमता विकासमा समस्या भै आयोगको कार्यमा असर पर्ने अवस्था छ ।

### ई) विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोगसंग सम्बन्धित समस्याहरु

आयोगको कार्यमा विशेषज्ञ प्रयोग गर्नु अति आवश्यक छ । साथै जटिल प्रकृतिको छानविनको कार्य भएकाले बैज्ञानिक स्रोत साधनको प्रयोग, श्रब्य दृष्य सामग्रीको प्रयोग, विधि बिज्ञान प्रयोगशालाको प्रयोग आदि कारणले खर्चिलो र विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोग गर्न कठिन हुने अवस्था छ ।

### उ) समयावधिको सीमितताको समस्या

आयोगको समयावधि दुई बर्षको रहने र एक वर्ष थप हुन सक्ने ऐनले नै निर्दिष्ट गरेको छ । सो बमोजिम आयोगलाई आगामी २०७४ माघ २६ गतेसम्म म्याद थप भएको छ । ऐन जारी भएको १४ महिनापछि मात्र आयोगले सरकारबाट नियमावली पायो । नियमावलीको अभावमा उजुरी संकलन गर्ने, छानविन गर्ने लगायतका प्रक्रियागत काम गर्न सकिने अवस्था थिएन । ततपश्चात आयोगले आफ्नो कामकारवाहीलाई तदारूकताका साथ अगाडि बढाएको छ । आयोग गठन भएको केही समयपछि विनासकारी भूकम्प गएका कारण आयोगको काम कारबाहीलाई असर गर्नु स्वभाविक थियो । यसरी नै अघोषित नाकाबन्दीका कारण आयोगको विभिन्न जिल्लामा भ्रमण गरी पीठितसँग अन्तरक्रिया गर्ने कार्य लगायत नियमित काममा पनि असर परेको थियो । तर आयोगले सम्पादन

गर्नु पर्ने कार्य प्रकृति, यसको जटिलताको अनुपातमा आयोगको कार्यावधि अत्यन्तै न्यून रहेको छ। आयोगले अनुसन्धानका क्रममा एउटै घट्नाका सन्दर्भमा पनि विभिन्न स्थानमा पुग्नु पर्ने हुन सक्ने, शव उत्खनन, डि.एन.ए लगायतका बैज्ञानिक परीक्षण गर्नु पर्ने जस्ता विविध कारणले निर्धारित यो समय आयोगले कार्य पूरा गर्न अपर्याप्त छ।

## ४.३ निष्कर्ष र सुझाव

नेपालमा विगतमा भएको सशस्त्र द्वन्द्वका कारण सिर्जना भएको विषम परिस्थितिलाई संक्रमणकालिन न्यायको माध्यमबाट सम्बोधन गर्न नेपालका राजनीतिक दलहरु शान्ति सम्झौताका मार्फत सहमत भई तत्कालिन अन्तरिम संविधान तथा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोगको गठन भएको हो। ऐनले सत्य अन्वेषण, परिपूरण, न्याय र संस्थागत सुधारलाई आयोग गठनको मुख्य आधारको रुपमा उल्लेख गरेको छ। यो नै संक्रमणकालिन न्यायको सफलताका घोतक पनि हो। यसै परिप्रेक्षमा राज्य वा आयोगको यिनै भूमिका नै सफल संक्रमणकालिन न्याय व्यबस्थाका निर्धारक तत्व पनि हुन्। ऐनमा प्रयुक्त यी आधारहरु अन्तराष्ट्रिय प्रचलन र सफल अभ्यासले स्थापना गरेका मान्यता पनि हुन्। विगतका घटनाका प्रभावकारी छानविन भई सापेक्षित रुपमा सत्य तथ्य स्थापना भएको, पीडितलाई परिपूरण प्राप्त भएको, न्याय स्थापना भएको, पुनः द्वन्द्व दोहोरिन नदिने प्रत्याभूति भएको भन्ने कुरा संक्रमणकालिन न्याय निरुपण तार्किक निष्कर्षमा पुगेपछि प्राप्त हुने जनसन्तुष्टिबाट मापन गरिनेछन्।

तर ऐनद्वारा यस आयोगलाई तोकिएका कार्यहरु सम्पन्न गर्न तोकिएको समयमा सम्भव हुन नसक्ने तीतो यथार्थ हो। तोकिएको समयमा कार्यसम्पन्न हुन नसक्नुको कारणहरु माथि नै विवेचना गरिएको छ। संक्रमणकालिन घटनालाई सम्बोधन गर्न गठन भएको यस आयोगलाई तोकिएको समयावधि यही २०७४ माघ २६ गते सकिदैछ। व्यक्ति बेपत्ता पारिएको घटना घटेको कम्तीमा १० बर्ष व्यतीत भई घटना निकै पुरानो एवं धेरै प्रमाणहरु लोप भईसकेको अवस्था एकातिर छ भने अर्कोतिर यस्ता घटनाको सत्य तथ्य पत्ता लगाउने कार्य अत्यन्तै जटिल एवं चुनौतीपूर्ण छ। यस्तो जटिल एवं चुनौतीपूर्ण घटनाको अनुसन्धान गरी निष्कर्षमा पुग्न आयोगलाई तोकिएको समयावधिमा संभव नहुने निश्चित प्रायः छ। आयोगमा प्राप्त भएका उजूरीहरु उपर बिस्तृत अनुसन्धानको कार्य प्रारम्भ भइसकेको र कार्यावधि थप भएमा प्राप्त उजूरीहरुका उल्लिखित घटनाको सत्य तथ्य पत्ता लगाउने, पीडितलाई परिपूरणको सिफारिश गर्ने, पीडकलाई मुद्दा चलाउन लेखी पठाउने समेतका ऐनद्वारा तोकीएको जिम्मेवारी पुरा गर्ने नै छ।

व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गंभीर उल्लङ्घन हो। मानव अधिकारको गंभीर उल्लङ्घनका घटनाहरुलाई सहि तरिकाबाट सम्बोधन गरी समाधान गर्न सकिएन भने एकातिर पीडित व्यक्तिहरु आफूहरु राज्यबाट पुनः पीडित भएको महसुस गरी प्रतिक्रियात्मक रुपमा प्रकट हुने संभावना भई दिगो शान्ति असंभव हुन सक्ने पनि हुन्छ भने अर्कोतिर राष्ट्रको आन्तरिक सशस्त्र द्वन्द्वबाट उब्जेको समस्यालाई घरेलु क्षेत्राधिकारमार्फत सम्बोधन गरी सामधान दिन सकिएन भने यसको अन्तराष्ट्रियकरण हुन सक्ने खतरा रहन्छ। यसै आयोगमा दर्ता भएका केही उजूरीहरुमा उल्लेखित घटनाका बारेमा संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालयले जवाफ माग गरिरहेको छ भने आयोगले अनुसन्धानको अवस्था खुलाई जवाफ पठाइरहेको छ। त्यसैगरी उक्त कार्यालयले सत्य, न्याय र परिपूरण तथा द्वन्द्व नदोहोरिने अवस्थाको सुनिश्चितताका विषयमा नेपाल सरकारबाट जवाफ माग गरेकोमा आयोगका

तर्फबाट सो विषयमा लेखी पठाएको अवस्था छ । यसबाट संयुक्त राष्ट्र संघलगायतका अन्तर्राष्ट्रिय जगतले नेपालको संक्रमणकालिन न्यायका यी संयन्त्रका काम कारवाहीलाई नजिकबाट नियालिरहेका छन् । पीडित वा उजुरकर्ताले आफ्ना आफन्तको बेपत्ताको स्थिति जान्न र परिपूरण प्राप्त गर्न तथा पहिचान भएका पीडकलाई न्यायको बाटोबाट टुंगो लागेको देख्न चाहेको अवस्था छ। पीडितहरुले न्याय पाएको अनुभूति गर्ने अवस्था आयोगमा प्राप्त उजूरीहरुको छानविन सम्पन्न भएपछि मात्र सम्भव छ । उजूरीहरुको छानविन गर्न समय लाग्ने हुँदा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा अध्यादेशमार्फत भएपनि संशोधन गरी आयोगको कार्यावधि थप हुनु अत्यन्त जरुरी देखिएको छ ।

## अनुसूची -१

## <u>व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

### <u>प्रस्तावनाः</u>

व्यक्ति बेपत्ता पार्ने कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई सजाय गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय ) ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्ति तथा नेपालमा कुनै व्यक्तिको अपहरण गरी नेपाल बाहिर लगी बेपत्ता पार्ने कार्यसमेतलाई जनाउँछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कसूरदार" भन्नाले व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले मुख्य कसूरदार समेतलाई जनाउँछ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजु भाई वा दिदी बहिनी सम्झनु पर्छ ।

(घ) "पीडित" भन्नाले व्यक्ति बेपत्ता पार्ने कार्यबाट मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानी नोक्सानी पुगेको वा थुना वा नियन्त्रणमा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ ।

(ङ) "बेपत्ता पारिएको व्यक्ति" भन्नाले व्यक्ति बेपत्ता पार्ने कार्यबाट पीडित व्यक्ति सम्झनु पर्छ ।

(च) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ :-

(१) कानून बमोजिम पक्राउ गर्ने, अनुसन्धान तहकिकात गर्ने वा कानून कार्यान्वयन गर्ने अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्वन्धमा जानकारी नदिने ।

(२) कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै व्यक्तिलाई पक्राउ वा अपहरण गरी, कब्जामा वा नियन्त्रणमा लिई वा अन्य कुनै किसिमले निजको बैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने, त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा सरोकारवालालाई जानकारी नदिने ।

## परिच्छेद -२

## व्यक्ति बेपत्ता पार्ने कार्य गर्न, गराउन नहुने

३. **व्यक्ति बेपत्ता पार्ने कार्य गर्न, गराउन नहुने :** (१) कसैले व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन हुँदैन ।

(२) कसैले व्यक्ति बेपत्ता पार्ने कार्यमा सहयोग गर्न, षडयन्त्र गर्न, उद्योग गर्न, तयारी गर्न, दुरुत्साहन गर्न वा त्यस्तो अपराधमा मतियार हुन हुँदैन ।

४. **कसूर गरेको मानिने :** (१) कसैले दफा ३ बमोजिमको कार्य गरे वा गराएमा निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(२) कसैले आफू मातहतको पदाधिकारी, निकाय वा समूहद्वारा व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन लागेको कुरा थाहा पाएर पनि प्रहरीमा जाहेर नगरेमा वा त्यस्तो कार्य रोक्ने सम्बन्धमा कुनै उपाय नअपनाएमा निजले समेत यस ऐन बमोजिमको कसूर गरेको मानिने छ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्ति बेपत्ता पार्ने कार्यलाई निरन्तरताको कसूर मानी यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा ३ बमोजिमको कार्य गरे वा गराएको पाइएमा सो कार्यलाई समेत यसै ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

५. **मुख्य कसूरदार मानिने** : (१) कसैलाई एक वा एकभन्दा बढी व्यक्ति वा व्यक्तिको समूहले बेपत्ता पारेमा त्यस्तो कार्यमा संलग्न सबै व्यक्ति मुख्य कसूरदार मानिने छन् ।

(२) कसैको आदेश वा निर्देशन बमोजिम कसैले व्यक्ति बेपत्ता पारेकोमा जुन व्यक्तिको आदेश वा निर्देशन बमोजिम त्यस्तो व्यक्ति पक्राउ गरी, थुना वा कब्जामा राखी वा नियन्त्रणमा लिई बेपत्ता पारेको हो त्यस्तो आदेश दिने र सो आदेश कार्यान्वयन गर्ने व्यक्ति मुख्य कसूरदार मानिनेछ ।

६. **सजाय :** (१) कसैले देहायका कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) कुनै व्यक्तिलाई एक महिनासम्म बेपत्ता पारेमा कसूरदारलाई तीन महिनादेखी तीनवर्षसम्म कैद र तीसहजार रुपैंयादेखी एकलाख पचासहजार रुपैंयासम्म जरिवाना हुनेछ ।

(ख) कुनै व्यक्तिलाई खण्ड (क) मा लेखिएभन्दा बढी समयसम्म बेपत्ता पारेमा त्यस्तो कसूरदारलाई तीनवर्षदेखि पन्ध्रवर्षसम्म कैद र एकलाख पचासहजार रुपैंयादेखि पाँचलाख रुपैंयासम्म जरिवाना हुनेछ ।

(ग) बेपत्ता पार्ने कार्यमा सहयोग गर्ने, तयारी गर्ने, षडयन्त्र गर्ने, उद्योग गर्ने वा बेपत्ता पार्न दुरुत्साहन दिने वा त्यस्तो अपराधका मतियारलाई बेपत्ता पार्ने मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(घ) यस ऐन अन्तर्गतको कसूरको आरोप वा अभियोग लागेको व्यक्ति वा अन्य कुनै व्यक्तिले सो अपराधसंग सम्बन्धित कुनै प्रमाण, लिखत वा अन्य कागजात जानी जानी वा वदनियतपूर्वक लोप वा नष्ट गरे वा गराएमा निजलाई एक महिनादेखी एक वर्षसम्म कैद वा एकलाख रुपैंयासम्म जरिवाना वा दुवै हुनेछ ।

(२) कसैले महिला, बालबालिका, जेष्ठ नागरिक वा अपांगलाई बेपत्ता पारेमा उपदफा (१) बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजायसमेत हुनेछ ।

(३) कसैले कुनै व्यक्ति बेपत्ता पारेको अवधिमा प्रचलित कानून बमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको भए निजलाई त्यस्तो कानून बमोजिम हुने सजायमा यस ऐन बमोजिम थप सजायसमेत हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न मुख्य कसूरदार बाहेक अन्य कुनै कसूरदारले छानविन वा मुद्दाको सुनुवाई गर्दा अनुसन्धान अधिकृत, अभियोजनकर्ता वा अदालतलाई सत्य, तथ्य पत्ता लगाउन सहयोग गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम हुने सजायमा पचहत्तर प्रतिशतसम्म कम सजाय गर्न सक्नेछ।

(५) कुनै कसूरदारले उपदफा (४) बमोजिम सहयोग गरेको कुरा अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले अनुसन्धान अधिकृत वा अभियोजनकर्तालाई गरेको सहयोगको प्रतिकूल हुने गरी मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेमा निजले उपदफा (४) बमोजिमको सजायमा छुट पाउने छैन ।

७. **कसूरसँग सम्वन्धित मालसामान जफत हुने** : (१) यस ऐन बमोजिम सजाय हुने कसूरमा कसूरदारले प्रयोग गरेका हातहतियार, भवन, सवारी साधन तथा अन्य मालसामान जफत हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकाय वा सार्वजनिक संस्थाको नाममा रहेका वा सम्वन्धित धनीलाई जानकारी नदिई वा निजले त्यस्तो कसूर गर्न प्रयोग गर्ने कुरा थाहा नपाई निजको सहमतिले प्रयोग गरिएका हातहतियार, भवन, सवारी साधन तथा अन्य मालसामान जफत हुने छैनन् ।

८. **क्षतिपूर्ति पाउने :** (१) बेपत्ता पारिएको व्यक्ति सार्वजनिक भएमा त्यस्तो बेपत्ता भएको अवधिकोमात्र मुद्दा हेर्ने अधिकारीबाट निर्धारण भए बमोजिमको रकम कसूरदारबाट क्षतिपूर्ति पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बेपत्ता पार्ने व्यक्तिको आर्थिक अवस्था कमजोर भएको कारण पीडितले क्षतिपूर्ति पाउने अवस्था नदेखिएमा मुद्दा हेर्ने अधिकारीले पीडितलाई क्षतिपूर्ति बापत मनासिव रकम उपलब्ध गराइदिन नेपाल सरकारलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नु अघी बेपत्ता पारिएको व्यक्तिको मृत्यु भएमा क्षतिपूर्ति बापतको रकम निजको परिवारले पाउनेछ।

(४) उपदफा (३) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको परिवार एकभन्दा बढी भएमा तोकिए बमोजिमका परिवारले त्यस्तो रकम पाउनेछन्।

९. **धनमाल फिर्ता गराई दिनु पर्ने** : कुनै व्यक्ति बेपत्ता पारिएको समयमा निजको धनमाल समेत बेपत्ता पारिएको ठहर भएमा मुद्दा हेर्ने अधिकारीले बेपत्ता पार्ने व्यक्तिसंग त्यस्तो धनमाल भए सोही धनमाल र त्यस्तो धनमाल नभएमा सो धनमाल बराबरको रकम निजबाट पीडितलाई दिलाई दिनु पर्नेछ।

## परिच्छेद -३

## विविध

१०. **फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था :** (१) यस ऐन अन्तर्गतको कसूर गर्ने कुनै व्यक्ति फरार रहेको वा पक्राउ हुन नसकेमा त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी भएको एकतीसौं दिन देखि निज अदालतमा उपस्थित नभएसम्म अदालतले सम्बन्धित निकाय वा अधिकारीलाई देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :

(क) कसूरदार नेपाल सरकार, संबैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठीत संस्था, स्थानीय तह, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भएमा निजलाई तुरुन्त आफ्नो पदबाट निलम्बन गर्न,

(ख) कसूरदारको नाममा रहेको चल, अचल सम्पत्ति रोक्का राख्न,

(ग) कसूरदारलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा आदि प्राप्त गर्न वा प्रयोग गर्नबाट रोक लगाउन,

(घ) कसूरदारलाई नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाबाट प्रदान गरिने सेवा सुविधा तथा सामाजिक सुरक्षा लगायतका अन्य कुनै सेवा प्रदान नगर्न,

(ङ) कसूरदार नेपाल बाहिर रहेको जानकारी प्राप्त हुन आएमा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने सो सम्बन्धी कारबाही गर्ने र त्यस्तो अवस्था नभएमा कसूरको गाम्भिर्यता अनुसार निजलाई पक्राउ गर्न कूटनीतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न ।

(२) उपदफा (१) बमोजिमको आदेशको सूचना अदालतले सम्बन्धित निकाय वा अधिकारीलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएमा सम्बन्धित निकाय वा अधिकारीले आदेश कार्यान्वयन गरी सो को जानकारी अदालतलाई दिनु पर्नेछ ।

**११. उजूरीकर्ता तथा साक्षीको संरक्षण :** (१) व्यक्ति बेपत्ता पार्ने कार्यको बारेमा उजूरीकर्ता, सूचना दिने व्यक्ति तथा साक्षीको विवरण तोकिए बमोजिम गोप्य राखी संरक्षण गर्नु पर्नेछ ।

(२)यस ऐन अन्तर्गतको मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्न लागेमा निजले सोको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अदालते आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तब्य त्यस्तो निकायको हुनेछ ।

(५) यस दफा बमोजिम साक्षी संरक्षणका लागि अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।

**१२. श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्ने सकिने** (१) यस ऐन बमोजिम बुझ्नु पर्ने साक्षी शारीरिक रुपमा अशक्त भएको वा नावालक भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत यस्तो साक्षी बुझ्नको लागी अदालतमा निवेदन दिन सक्नेछ ।

(२) कुनै खास प्रकृतिको साक्षीको परिक्षण श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत गराउन अदालतले आदेश गरेमा सोही बमोजिम साक्षी परीक्षण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा र निवेदनमा उल्लेखित कारण मानसिव देखिएमा वा उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा अदालतले त्यस्तो साक्षी श्रव्य-दृश्य संवाद ( भिडियो कन्फरेन्स) मार्फत बुझ्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम श्रव्य (दृश्य संवाद (भिडियो कन्फरेन्स) गर्दा अदालतको अनुमति लिई मुद्दाको सम्बन्धित पक्ष त्यस्तो सम्वाद स्थलमा उपस्थित भई सोधपुछ जिरह वा पुनःसोधपुछ गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम साक्षी वुभ्दा त्यस्तो साक्षीले व्यक्त गरेको कुरा अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ । अदालतले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को अभिलेख राख्नु पर्नेछ ।

(६) श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझेको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

१३. **सरकारबादी हुने :** यस ऐन अन्तर्गत चलेको मुद्दामा नेपाल सरकार बादी हुनेछ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

१४. **हदम्याद नलाग्ने** : यस ऐन अन्तर्गतको मुद्दामा हदम्याद लाग्ने छैन ।

१५. **मुद्दा हेर्ने क्षेत्राधिकार**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दा हेर्ने क्षेत्राधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतबाट भएको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **नियम बनाउने** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची -२

### बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा संशोधन गर्ने सम्बन्धमा

| क.सं | संशोधन हुनु पर्ने बिषय | हालको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | बेपत्ता पारिएका व्यक्तिको कानुनी अवस्था के हुने भन्ने सम्बन्धमा स्पस्ट व्यवस्था समावेश गर्नु पर्ने । | हाल यस्तो व्यवस्था नरहेको | प्रचलित कानुन अनुसार व्यक्ति जीवीत वा मृतकको हैसियत मात्र रहने हुन्छ । सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्ति जीवित वा मृतक कुन अवस्थामा रहेका छन् भन्ने हालसम्म यकिन हुन नसकेको कारण सम्पति, हक हस्तान्तरण लगायतका कानुनी बिषयमा त्यस्ता व्यक्तिका परिवारले समस्या भोग्नु परेको अवस्था भएकाले यस्ता बिषयका समस्या सम्बोधन गर्न वेपत्ता पारिएका व्यक्तिको कानुनी हैसीयत सम्बन्धी कानुनी व्यवस्था हुन आवश्यक रहेको छ ।<br><br>विभिन्न मुलुकहरुमा यस्तो व्यवस्था सम्बन्धमा कानुन तर्जुमा गरिएको पाइन्छ । जस्तैः<br>• Bosnia Hergegovina- Law on Missing Persons (2004)<br>• Argentina- Absence Due to Forced Disappreance (1995)<br>• Chile- Law No.20.377 (2009)<br>• Peru- Law No.28413<br>• Colombia- Law No.1531(2012) |
| २ | आयोगले उपयुक्त सम्झेका अन्तरिम राहत वा परिपूरणका लागि नेपाल | दफा २३<br><br>(१) यस ऐन बमोजिम छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा | दफा २३ मा छानविन गरिसकेपछि आफैले परिपूरणको सिफारिस गर्न सक्ने व्यवस्था रहेको तर अन्तरिम परिपूरण |

| | | | |
|---|---|---|---|
| | सरकारलाई निर्देशन दिन सक्ने व्यवस्था राख्ने । | पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । | तथा अन्तरिम राहतको व्यवस्था नरहेको तर आयोगले आवश्यकतानुसार त्यसका लागि नेपाल सरकारलाई निर्देश दिन सक्ने व्यवस्था भएमा पीडितलाई न्याय र उनीहरुको तत्कालको आवश्यकता समेत संवोधन गर्न सहज हुने भएकाले |
| ३ | पीडित एक भन्दा बढी हुन सक्ने र निजहरु एकभन्दा बढीलाई परिपूरण दिन सकिने स्पस्ट रुपमा व्यवस्था गर्ने । | दफा २३ (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।<br><br>दफा २३ (६) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइनेछ । | दफा २३ (२) मा रहेको कुनै सदस्यलाई भन्ने व्यवस्थाले १ जना मात्रलाई जनाउने र दफा २३ (६) मा नजिकको सदस्यलाई मात्र परिपूरण दिन सकिने भएको र पीडितहरु एकभन्दा बढी भै उनीहरु सबै पीडितलाई परिपूरण दिन आवश्यक हुने भएकाले । |